# सामुदायिक विद्यालय बन्द घोषणा विरुद्धको साझा विज्ञप्ती

नेपालको संविधान, संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लगायत बालबालिका सम्बन्धी ऐन, २०७५, अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तथा विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ एवम् बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप, २०६७ दीगो विकास लक्ष्यजस्ता कानूनी तथा नीतिगत व्यवस्थाहरुमा बालबालिकाले कुनैपनि अवरोध तथा रोकावट बिना नै शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरिनुका साथै जस्तो सुकै प्रतिकूल अवस्थामा र कुनै पनि बहानामा बालबालिकाको हितको लागि प्रयोग हुने विद्यालय लगायतका स्थान, सेवा वा सुविधामा आक्रमण वा सोको सञ्चालन एवं व्यवस्थापनमा अवरोध गर्न वा गराउन नहुने कानूनी मान्यता स्थापित गरेको सर्वविदितै छ ।

नेपाल विद्यालय कर्मचारी परिषद् केन्द्रीय समितिद्धारा यहि मिति २०७९ भाद्र १२ गतेदेखि १८ गतेसम्म (एक हप्ता) देशैभरका सामुदायिक विद्यालय बन्द गर्न गरेको आव्हान तथा सोही बमोजिम परिषद् अन्तर्गतका जिल्ला समितिहरुबाट समेत विद्यालय बन्दको घोषणाप्रति बाल अधिकारको क्षेत्रमा क्रियाशील हामी नागरिक समाज सञ्जालहरुको गम्भीर ध्यानाकर्षण भएको छ। वयस्कका मागहरु पुरा गर्ने उद्देश्यका साथ सरकारलाई दवाव दिने प्रयोजनका लागि बालबालिकाले विना भेदभाव सुरक्षित वातावरणमा शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारको हनन हुने गरी विद्यालय बन्दको घोषणा गरिनु संवैधानिक, कानूनी तथा नीतिगत रुपमा बालबालिकाको हित विपरित रहेको छ । विद्यालय कर्मचारीको हक, हित र अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि विद्यालय कर्मचारी परिषद्को माग जायज रहेकोमा द्धिविधा नरहेको तर समाजमा आवाज उठाउन सक्ने वर्गको माग पुरा गर्नका लागि बालबालिकाको अधिकार कुण्ठित पारिनुप्रति हामी सबैको साझा चिन्ता रहेको छ । यस परिवेशमा आन्दोलनरत परिषद् र सरकारबीच आपसी वार्ता, संवादका माध्यमबाट रचनात्मक ढंगले मागको सम्बोधनका लागि सरकारको ध्यानाकर्षण समेत गराउन चाहन्छौं । साथै, बालबालिकाको पठनपाठन तथा सिकाइ प्रक्रियामा नकारात्मक असर नपर्नेगरी बन्द विद्यालय तुरुन्त खोल्न र आन्दोलनको वैकल्पिक उपाय यथाशीघ्र अवलम्वनका लागि सम्बद्ध सबैमा हार्दिक आव्हान गर्दछौं ।

धन्यवाद

- बालहिंसा विरुद्ध क्रियाशील राष्ट्रिय कार्य समन्वय समूह (एनएसिजि नेपाल)
- बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)
- बालसहभागिताका लागि कार्यरत संस्थाहरुको साझा समूह (कर्न्सोटियम नेपाल)
- बालअधिकार समिति, मानवअधिकार सन्धि अनुगमन केन्द्र
- महिला तथा बालबालिका बेचविखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)
- राष्ट्रिय बालसंरक्षण सञ्जाल
- बालअधिकारवादि सहकर्मी संस्थाहरुको राष्ट्रिय मञ्च
- बालगृह सञ्जाल नेपाल (सिनेट नेपाल)

- बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च
- बालिका अधिकारका लागि राष्ट्रिय सञ्जाल
- बालिका दुलही होइनन्
- यात्रामा रहेका बालबालिकाको अधिकार संरक्षण अभियान
- शिक्षा निगरानी समूह
- शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल
- समाहित शिक्षामञ्च नेपाल
- सडक बालबालिकाहरुको लागि कार्यरत राष्ट्रिय सञ्जाल
- सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल
- बाल अधिकार सम्बन्धी महासन्धिको सञ्चार प्रक्रिया सम्बन्धी तेस्रो इच्छाधिन आलेखको अनुमोदनका लागि नागरिक समाजको राष्ट्रिय सञ्जाल, नेपाल

**सम्पूर्ण सञ्जालको तर्फबाट,**



(राजेश शर्मा)

अध्यक्ष,

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान

**२०७९ भाद्र १२ गते**